लोक सेवा आयोग

# हेटौंडा कार्यालय

हेटौंडा

वेवसाइट: www.psc.gov.np फोन : ०५७–५२०३०२ फ्याक्स : ०५७–५२६८२२ इमेल: hetauda@psc.gov.np

## रा.प.अनं. प्रथम श्रेणी (प्राविधिक), विभिन्न प्राविधिक पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना ।

**सूचना नं. ६४/०७९-८० , मिति २०७९/११/२६**

लोक सेवा आयोग, काठमाडौं कार्यालयको तपसिलका विज्ञापन नं., सेवा, समूह, उपसमूह, रा. प. अनं. प्रथम श्रेणी (प्राविधिकको पदमा **हेटौंडा परीक्षा केन्द्र** राखी दरखास्त फाराम स्वीकृत भएका सम्पूर्ण उम्मेदवारहरुको प्रतियोगितात्मक लिखित परीक्षा पूर्व प्रकाशित कार्यक्रम अनुसार नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र लोक सेवा आयोगबाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित) को पालना गर्ने गराउने गरी देहाय बमोजिमको मिति, समय र स्थानमा लिखित परीक्षा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरुले सहयोगी लेखक माग गर्नु पर्ने कारण र प्रमाण सहितका कागजात संलग्न राखी लोक सेवा आयोग, नियमावली २०७९ को नियम ६८(१) बमोजिम परीक्षा शुरु हुने मिति भन्दा १०(दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ । परीक्षार्थीहरुले अनिवार्य रुपमा पालना गर्नुपर्ने विषयहरु द्रष्टव्य १ र २ मा तल उल्लेख गरिएको छ ।

**परीक्षा कार्यक्रम**

| विज्ञापन नं. | पद | सेव / समूह /उपसमूह | परीक्षा मिति, सम | | उम्मेदवारहरुको रोल नं. | संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|---|
| १२०२६/०७८-७९ (खुला)<br>१२०२७/०७८-७९ (आ.ज.)<br>१२०३१/०७८-७९ (खुला) | प्राविधिक सहायक,<br>पशु सेवा प्राविधिक र<br>पशु स्वास्थ्य प्राविधिक | कृषि / मत्स्य<br>कृषि / ला.पो.एण्ड डे.डे.<br>कृषि / भेटेरिनरी | प्रथम पत्र | २०७९/१२/१० गते,<br>बिहान ७:०० बजे, (४५ मिनेट) | हेटौंडा परीक्षा केन्द्र राखेका सम्पुर्ण उम्मेदवारहरु | २८ र बाँकी सबै | लोक सेवा आयोग, हेटौंडा कार्यालय, (परीक्षा भवन) |
| | | | द्वितीय पत्र | २०७९/१२/१० गते,<br>बिहान ८:१५ बजे, (२ घण्टा १५ मिनेट) | | | |
| १२०१४/०७८-७९ (खुला) | इलेक्ट्रिकल सव-इञ्जिनियर | इञ्जि./ इलेक्ट्रिकल / जनरल इलेक्ट्रिकल | प्रथम पत्र | २०७९/१२/१२ गते,<br>बिहान ७:०० बजे, (४५ मिनेट) | हेटौंडा परीक्षा केन्द्र राखेका सम्पुर्ण उम्मेदवारहरु | १२ र बाँकी सबै | लोक सेवा आयोग, हेटौंडा कार्यालय, (परीक्षा भवन) |
| | | | द्वितीय पत्र | २०७९/१२/१२ गते,<br>बिहान ८:१५ बजे, (२ घण्टा १५ मिनेट) | | | |
| १२०२४/०७८-७९ (खुला) | मौसम विज्ञान सहायक | इञ्जि/. मेटेरियोलोजी | प्रथम पत्र | २०७९/१२/१३ गते,<br>बिहान ७:०० बजे, (४५ मिनेट) | हेटौंडा परीक्षा केन्द्र राखेका सम्पुर्ण उम्मेदवारहरु | २ र बाँकी सबै | लोक सेवा आयोग, हेटौंडा कार्यालय, (परीक्षा भवन) |
| | | | द्वितीय पत्र | २०७९/१२/१३ गते,<br>बिहान ८:१५ बजे, (२ घण्टा १५ मिनेट) | | | |
| १२०४४/०७८-७९ (खुला) | पुस्तकालय सहायक | शिक्षा / पुस्तकालय विज्ञान | प्रथम पत्र | २०७९/१२/१३ गते,<br>बिहान ७:०० बजे, (४५ मिनेट) | हेटौंडा परीक्षा केन्द्र राखेका सम्पुर्ण उम्मेदवारहरु | ४ र बाँकी सबै | लोक सेवा आयोग, हेटौंडा कार्यालय, (परीक्षा भवन) |
| | | | द्वितीय पत्र | २०७९/१२/१३ गते,<br>बिहान ८:१५ बजे, (२ घण्टा १५ मिनेट) | | | |

**लोक सेवा आयोग**

# हेटौंडा कार्यालय

हेटौंडा

वेवसाइट: www.psc.gov.np फोन : ०५७–५२०३०२ फ्याक्स : ०५७–५२६८२२ इमेल: hetauda@psc.gov.np

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२०१८-१२०२०/०७८-७९ (खुला/समावेशी) | सिनियर मेकानिक्स | इञ्जि./ मेकानिकल / नि.उ.स. | प्रथम पत्र | २०७९/१२/१४ गते, बिहान ७:०० बजे, (४५ मिनेट) | हेटौंडा परीक्षा केन्द्र राखेका सम्पुर्ण उम्मेदवारहरु | २६ र बाँकी सबै | लोक सेवा आयोग, हेटौंडा कार्यालय, (परीक्षा भवन) |
| | | | द्वितीय पत्र | २०७९/१२/१४ गते, बिहान ८:१५ बजे, (२ घण्टा १५ मिनेट) | | | |

**द्रष्टव्य:-१**

क) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन ।
ख) प्रवेश-पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराईने छैन ।
ग) परीक्षा शुरु हुनु भन्दा १ घण्टा अगाडी परीक्षा केन्द्रमा आईपुग्नु पर्नेछ ।
घ) परीक्षा भवनमा मोबाईल तथा बिद्युतीय सामाग्री निषेध गरिएको छ । परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन ।
ङ) परीक्षामा **कालो मसी** मात्र प्रयोग गर्नुपर्नेछ । साथै उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाइने छैन ।
**च) तोकिएको परीक्षा केन्द्र बाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराईने छैन ।**
छ) परीक्षार्थीले परीक्षामा सहभागी हुन आउँदा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयवाट जारी भएको फोटो सहितको कुनै एक सक्कलै प्रमाणपत्र लिई उपस्थित हुनुपर्नेछ ।
ज) वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठुलो अक्षर (Capital Letter) मा A,B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।

***द्रष्टव्य:- २ संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन)सम्बन्धी मापदण्ड, २०७७ (संसोधन सहित) अनुसार परीक्षार्थीले देहायका विषयहरुको पूर्ण पालना गर्नुपर्नेछ ।***

क) परीक्षा केन्द्र प्रवेश गर्नु अघि अनिवार्य रुपमा मास्क लगाउनु पर्नेछ । साथै उम्मेदवार स्वयंले आफ्नो प्रयोजनको लागि स्यानिटाईजर तथा खानेपानीको व्यवस्था गर्नुपर्नेछ ।
ख) परीक्षा केन्द्र प्रवेश गर्दा, शौचालय जाँदा आउँदा, परीक्षा केन्द्रबाट बाहिरिदा एकआपसमा दुई मिटरको दुरी कायम गर्नुपर्नेछ ।
ग) परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशन पूर्ण पालना गर्नु पर्नेछ ।
घ) कोभिड-१९ संक्रमित उम्मेदवारहरुको लागि **विशेष परीक्षा केन्द्रको** ब्यबस्था गरिने हुँदा संक्रमित परीक्षार्थीहरुले आफु संक्रमित भएको जानकारी यस कार्यालयको फोन नं. ०५७-५२०३०२, ५२६८२२ मा सम्पर्क गरी वा इमेल hetauda@psc.gov.np तथा निवेदनको माध्यमबाट सो को जानकारी यस कार्यालयलाई दिनुहुन सुचित गरिन्छ ।

(सुरेश साह)
कम्प्युटर अपरेटर

(बद्रीनाथ सापकोटा)
शाखा अधिकृत

(कुमार प्रसाद कोइराला)
उपसचिव